**Dhaulagiri Journal of Contemporary Issues**
ISSN: 2990-7993
**Publisher:** RMC, Dhawalagiri Multiple Campus, Baglung

# *सम्यक् सम्बुद्ध* महाकाव्यको कथानक र चरित्रचित्रणबिचको सङ्गति

दीपक गौतम, विद्यावारिधि
उपप्राध्यापक, नेपाली विभाग
सुर्खेत बहुमुखी क्याम्पस, वीरेन्द्रनगर
Email: gautamdipak254@gmail. com

**लेखसार**

नेपाली महाकाव्य लेखन परम्परामा घनश्याम कँडेलको **सम्यक् सम्बुद्ध** अनुष्टुप छन्दको शान्त ंरस प्रधान महाकाव्य हो । यस महाकाव्यका नायक गौतम बुद्ध हुन् । उनी यस महाकाव्यको भूमिकामा सिद्धार्थ गौतम, गौतम बुद्ध अनि महामानव बुद्धका नाममा विकसित छन् । चरित्रप्रधान महाकाव्य भएकाले शोध्य महाकाव्यको कथानक विकास फितलो भए पनि कथानक र पात्रचरित्रबिचको सङ्गति रहेको छ । कथानक र पात्रचरित्रबिचको सङ्गति प्रक्रियाको अध्ययन नै प्रस्तुत आलेखको मुख्य समस्या हो । पुस्तकालयीय अध्ययनमा आधारित यस लेखमा यथार्थपरक समालोचनात्क अध्ययन विधिको उपयोग गरिएको छ । महाकाव्यको कथानक विकास कमजोर, असानदर्भिक, उपकथाहरु जोडिएको तथा दर्शनप्रधान भएकाले चरित्रचित्रण पनि प्रमुख नायक बुद्धको जीवनी सबैभन्दा बढी आएको छ । कथानक र चरित्रको अन्तर्सम्बन्ध पनि कृतिम खालको छ । महाकाव्यका अन्य तत्त्वलाई अध्ययनको विषय नबनाउनु नै यस लेखको सीमा हो । महाकाव्यको रचनाप्रक्रियामा शास्त्रीय छन्दको प्रयोग गरिए पनि चरित्रचित्रण तथा कथानक पूर्वीय मान्यताबाट अलि भिन्न तरिकामा प्रस्तुत गरिएको छ । महाकाव्यको चरित्रचित्रणले कथावस्तुलाई गति दिएको छ र सर्गशीर्षकीकरण छुटाइएको छ । चरित्र चित्रणबाट विकसित महाकाव्यमा धेरै तर अनावश्यक पात्रहरूको व्यवस्थाले महाकाव्यको बोधका लागि गौतम बुद्धको जीवनीमा पुग्नुपरेको, कथानक विकास सपाट वर्णनात्मक बनेको छ । यसमा नायकको चरित्र खोटपूर्ण नदेखिए पनि घटनाहरू पनि नपत्याउँदा छन् । महाकाव्य रचनामा प्रक्रियागत केही सीमा भए पनि मूलतः नेपाली महाकाव्य लेखन परम्पराको सकारात्मक प्राप्ति बनेको छ ।

***शब्दकुञ्जी*** : कथानक, चरित्रचिण, महाकाव्य, सम्बुद्ध, सम्यक्

## विषयपरिचय

घनश्याम कँडेल (५ जुन १९४५, रिक्चोटार, मलेखु, धादिङ) को *सम्यक् सम्बुद्ध* (२०७८) नेपाली महाकाव्य लेखन परम्पराको पछिल्लो महाकाव्य हो । चौबीस सर्ग तथा २५४२ श्लोकमा संरचित महाकाव्य मूलतः अनुष्टुप छन्दविधानमा विधित छ । शान्त ंरस प्रधान बनेको महाकाव्यको मूलनायक गौतम बुद्ध कामका आधारमा सिद्धार्थ गौतम, गौतम बुद्ध अनि महामानव बुद्धका आ-आफ्नै विशेषताहरू छन् । प्रस्तुत विवेच्य महाकाव्यमा यी तत्त्वहरू कसरी आएका छन् ? निरूपण गर्नुपर्ने आवश्यकता देखिएको छ । काव्यमा विकसित छन् । पूर्वीय काव्यलक्षणाको ढाँचामा लेखिएको महाकाव्यका कथावस्तु, चरित्रचित्रण रोगी, वृद्ध र असक्त पात्रहरूले बुद्धलाई जीवन चिन्तनमा गहिरिएर लाग्न प्रभाव पारेर सानै उमेरदेखि राजकाज, घरव्यवहार र सँगतमा विषेश चरित्र देखाउन लगाएर जीवनभर विलासितातिर लागेका छैनन् । प्रस्तुत विषयका लागि सैद्धान्तिक स्वरूप निर्माण गरेर त्यसकै आधारमा नेपालको सबैभन्दा पछिल्लो महाकाव्यका बारेमा खासै पूर्वकार्यको अध्ययन नभएकाले शोध्य महाकाव्यको भूमिकालाई पूर्वसाहित्यको अध्ययनको मूल आधार मानिएको छ । महाकाव्य मूलतः चरित्रप्रधान भए पनि चरित्रको चित्रणबाट बुद्धदर्शन स्थापनको मूललक्ष्य लिइएको छ । तसर्थ प्रस्तुत लेखमा सम्यक् सम्बुद्ध महाकाव्यको कथानक र पात्रहरुको चरित्रचित्रणमा सङ्गति खोज्नु नै यो लेखको मुख्य उद्देश्य हो ।

## साहित्यको पुनरावलोकन

प्रस्तुत महाकाव्यका विषयमा विभिन्न व्यक्तिहरुले आआफ्नै धारणा राखेका छन् र भिक्षु कोण्डन्यले महाकाव्यमा बुद्धद्वारा निर्दिष्ट जीवनपयोगी सन्देशलाई जीवन्त रूपमा दैनिक व्यवहारमा उतार्न अनुरोध गरेको पाएका छन् । उनले महाकाव्य आर्यसत्य, अष्टाङ्ग मार्ग र कार्यकारण सिद्धान्तलाई आयामेली भाषाशैलीमा जनजीवलाई झकझकाउन कँडेलले मौलिक शैलीमा महाकाव्य लेखेका छन् भनेका छन् । उनले महाकवि कँडेलको चेतलाई समालोचकीय चेतका रूपमा पाएको भन्दै महाकाव्यका प्रमुख भागहरूको चर्चा गरे पनि (कोण्डन्य, २०७८ पृ. ५-७) महाकाव्यको कथानक विकास र चरित्रत्रबिचको सङ्गतिलाई उठाएका छैनन् ।

माधवप्रसाद पोखरेलले पनि*सम्यक् सम्बुद्ध* महाकाव्यबाट कँडेलका शैली, अध्ययन तथा समालोचना शक्तिलाई उठाएका छन् । पोखरेलले कँडेललाई शोध्य महाकाव्यनेपाली, संस्कृत र पाश्चात्य साहित्यको संयुक्त ढलोटमा काव्यशास्त्रका आधारभूत सीमाभित्र र निर्णयात्मक विवेकको उपयोग गर्न कानुनको डिग्रीले सघाएको छ भनेका छन् । पोखरेलले कँडेलले महाकाव्यमा साहित्य दर्पणका लक्षणलाई अक्षरसः पालना गरेको पाएका छन् भने महान् विषयवस्तु र नायक प्रयोग भए पनि शिल्प र कल्पनामा कमी रहेको उल्लेख गरेका छन् । पोखरेलका अनुसार बुद्धधर्मका धेरै सूचनाहरूले कवित्व थिचिएर कवि समालोचना बढी आएको

**Article information**
**Manuscript received**: 5 june 2023
**Accepted:** 24 June 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

छ (पोखरेल, २०७८, पृ. ८-१५) । शोध्य महाकाव्य अध्ययनका लागि पोखरेलको अध्ययन आवश्यक रहे पनि कथानकको विकास र चरित्रको सङ्गति छुटाएका छैनन् ।

देवी नेपालले पनि सरल र सुललित भाषा, परिष्कृत लेखन, सूक्तिपूर्ण पद्यरचना, मितव्ययी शब्दसंयोजन, मिथकीय कथाविन्यास र प्रखर वैचारिक दृष्टिकोणलाई कँडेलका काव्यगत मूलभूत प्रवृत्ति हुन् भनेका छन् । यसरी नै नेपालले शोध्य माकाव्यमा एकै छन्दबाट समग्रताको विस्तार र भिन्न छन्दबाट समापन गर्ने संरचनागत एकरूपताको निरन्तरताको परिष्कारवादी काव्यसंरचनाको प्रभाव र प्रयोग भेटेका छन् भने नेपालले विषयवस्तुको निरन्तरता, कथानकको विस्तार, कवित्वको गीतिशीलता र भाषिक प्रयोगमा स्वच्छन्दतावादी काव्यचेतनाको प्रभाव र प्रयोग पाएका छन् (२०७८, पृ. १६-३२) । नेपालले कथानकको विस्तार कसरी भएको छ ? र, अन्तर्ससम्बन्ध कसरी रहेको छ ? जस्ता समस्याहरू छुटाएकाले थप अध्ययनको आवश्यकता देखिएको छ ।

## सैद्धन्तिक आधार

अरिस्टोटलका अनुसार महाकाव्य समाख्यानात्मकताका साथ एकै छन्दको प्रयोग गरिएको घनत्व र गरिमा बढी भएको एकान्वितियुक्त र पंचसन्धियुक्त हरन्छ (त्रिपाठी, ३०३६, पृ. ७१-७६) । भामहले महान् र वीर, दण्डीले सत्, चतुर र उदात्त, विश्वनाथले कुलीन, क्षेत्रीय र धीरोदात्त नायक हुनुपर्छ भन्ने मान्यता राखेका छन् (गैरे, २०६०, पृ. ५७) । यसरी नै विश्वनाथले नातिस्वल्पाः नाति दीर्घाः सर्गा अष्टाधिकाः को सूत्रमा आठभन्दा बढी सर्ग हुनुपर्ने र ती अति लामा र अति छोटा हुनुहुँदैन भन्ने मान्यता राखेका छन् भने भामहले महत् अर्थ भएको, ऋद्धिमत र सदाश्रयम् भएको दूतकर्म र प्रयाण भएको कथानक हुनुपर्ने मान्यता राखेका छन् (आचार्य, २०६४, पृ. २१) ।

भामहको काव्यालंकारमा महाकाव्यलाई सर्गबद्ध महान् चरित्र, वस्तु तथा रसको संयोग हो भनिएको छ भने दण्डीको काव्यदर्शमा काव्यवस्तु इतिहाससम्बद्ध चतुर, उदात्त तथा प्रसिद्ध नायक, ठिक्कको र भिन्न वृत्तान्तका सर्ग हुनुपर्छ भनिएको छ । रुद्रटको काव्यालंकारमा गुणयुक्त, शक्तिशाली र विजेता नायक हुनुपर्छ भनिएको छ (ज्ञवाली, २०६८, पृ.११) । विषयवस्तुको मूर्तीकरणका लागि प्राणतत्व मानिएको कथावस्तु उत्पाद्य र अनुत्पाद्य गरी दुई प्रकारको भए पनि प्रस्तुत महाकाव्य पुराणप्रसिद्ध बुद्धजीवनीबाट साभार गरिएको छ भने महान् वस्तु, चरित्र, वैचारिकता, रसात्कता, भाषाशिल्प, परिवेश र उद्देश्य महाकाव्यका प्रमुख तत्वहरू हुन् (ज्ञवाली, २०६८, पृ. २५) । प्रस्तुत लेखमा महाकाव्यो कथानक र चरित्रचित्रण पक्षको अध्ययन गरिएको छ ।

## महाकाव्यको कथानक

बुद्धको जीवनमा केन्द्रित महाकाव्यमा (१) नन्दलाई रूपाकर्षणको प्रायोगिक कक्षा लिएर, (२) पटाचार तथा (३) अङ्गुलीमालको सामना गरेर, (३) अजातशत्रुलाई प्रभावित गरेर, (४) कुमार जीवकलाई प्रस्तुत गरेर, (५) सिनालको उपकथा जोडेर (६) अलापकको खलनायिकपनाको व्यावहारिक जवाफ दिएर, (७) देवदत्तसँगको दीर्घकालीन प्रतिद्वद्विताको शान्तिपूर्ण कथानकको विकासका क्रममा देखाइएे छ । महाकाव्यको छैठौं सर्गदेखि बाईसौं सर्गसम्म कथानकको विकास भएको छ भने त्यस अगाडिका सर्गहरूले पृष्ठभूमिको निर्माण गर्ने काम गरेका छन् भने बाईसौं सर्गयताका सर्गहरूले महाकाव्यको फललाई देखाउने काम गरेका छन् । यिनै सर्गहरूमा विकसित कथानकलाई संक्षिप्त रूपमा यसरी उल्लेख गरिएको छ :

वैशाख पूर्णिमाको बिहान मायादेवी माइतीघर, देवदह जाने क्रममा जन्मिएका बालकले सात पाइला हिँडेको खबरले राजा शुद्धोदन खुसी भएका छन् भने आसित केवलले सिद्धार्थको खुट्टा हेरेपछि सिद्धार्थलाई बुद्ध बन्नेछन् भनेको केही दिनभित्रै मायादेवीको मृत्यु भएपछि गौतमीले सिद्धार्थलाई पूर्णमाया दिएर हुर्काएकी छन् । शुद्धोदनले जनतासँगै हलो जोतिरहेको खेतमा लगेर देखाउँदा सिद्धार्थले कुनै रुचि नदेखाएपछि शुद्धोदन बेखुसी बनेका छन् भने सिद्धार्थ र यशोधराबिच अनागतका बारेमा बहस चल्न लागेको छ एकातिर भने अर्कोतिर दुबैबिचको प्रेम घनीभूत बनेकै वैशाख पूर्णिमाको रातकन्थक घोडा र छन्दकसाथ दरबार छोडेर दूरस्थ लाग्ने क्रममा अनोमा नदीको तिरमा पुगेर साथीलाई फिर्ता पठाएर एक्लै जंगलको रात बिताएका छन् ।

यसपछि सिद्धार्थले राजर्षी वस्त्रसँग सिकारीको धनुर्वाण साटेपछि आलार कालामसित चित्तका बारेमा छलफलका क्रममा सन्तोष नपाएपछि गुरुआश्रममा गएर मनको गति रोक्न सिकेर अपदार्थताको खोजमा लागेका छन् । यसपछि सिद्धार्थले अत्युच्च्य ध्यान सिकेर उरुवेलमा पुगेर देह दण्डक साधनालाई अपनाएका छन् । कट्टरपन्थीसँग सङ्घर्ष गर्दैगर्दा कोब्रा सर्पको परीक्षण गरेर बोधीवृक्षमा समय बिताउँदा त्रपुस्स र भल्लुकलाई प्रभावित पारेर पहिलो स्तुप बनाएका छन् । बुद्ध वाराणसीतिर लागेर सद्धर्मबारे उपदेश दिँदै अतिवादी धर्मको विरोध गर्दै हीनधर्मको अनुशरण गर्न, अष्टाङ्गमार्गलाई दुःखको साधन मान्न, पहिलो सत्य दुःखलाई मान्न, पञ्चशील अपनाउन आग्रह गरेका छन् । बुद्धले यशका पितासहित उरुवेल, नादी र गयाका सहस्र शिष्यहरूलाई सङ्घमा सामेल मात्र गरेका छैनन्, जललाई सृष्टिको प्रमुख कारण हो भन्ने मतलाई जब्बर बनाएका छन् ।

मगधमा पुगेका बुद्धले बाबुलाई भेट्न कपिलवस्तु पुगेपछि माघे पूर्णिमाका दिन सद्धर्मका बारेमा प्रवचन दिएपछि शुद्धोदनले सिद्धार्थको भिक्षान्नप्रति वेखुसी प्रकट गर्दा बुद्धले परम्पराको मूल विशेषता नै भिक्षान्न हो भनेपछि सिद्धार्थले आम्रपालीलाई शरणागत दिएका छन् । बुद्धले श्रावस्तीमा पहिलो पटक श्रेष्ठ विहार बनाएर पहिलो पटक जातिभेदको अन्त्यको प्रयास गर्दै वासनात्मक प्रेम, जातिपाति प्रथा तथा चन्चल चित्तवृत्तिको विरोध गर्दै बुद्धले आनन्दलाई आफ्नो उत्तरार्द्धतिरको सयोगी बनाएका छन् । निगन्धले बुद्धलाई सुन्दरीको हत्याको आरोप लगाएको भए पनि बुद्ध झन् समादृत बनेर सिगाललाई पूजाविधिका बारेमा सिकाएरर द्वन्द्व व्यवस्थापन गरेर आफूलाई जीवनभर शान्ति स्थापनामा लगाएका छन् । बौद्धकालीन इतिहासको काव्यवस्तुमा आधारित महाकाव्यको कथास्रोत अनुत्पाद्य रहेको छ । ऐतिहासिक कथास्रोतको महाकाव्यका घटनाहरूले कथानकको विकास नगरी बुद्धचरित्रले अरू घटनाहरू जन्माएका छैनन् । बुद्ध जहाँ जहाँ जान्छन्, जेजे गर्छन् तिनै भोगाइ र देखाइलाई महाकाव्यमा उतारिएको छ ।

बालक सिद्धार्थको जन्म, उनका मातापिता, मावली, सँगसाथी दिएर अत्यन्तै कमनोर बाल्यकालीन क्रियाकलापहरूलाई दिए पनि उनको विवाह, सन्तान उत्पादन, गृहत्याग अनि पचपन्न वर्षयता बढ्दै गएको बुद्धका अशक्तताले कथानकको व्यापकता देखिएको छ । मूलपात्र बुद्ध, उनका पिता तथा छोरा राहुलको उपस्थितिले कथानकले तीन पुस्ता ओगटेको छ । कथानकले बाल, बृद्ध, वनिता सबै उमेरका, महिलापुरुष, राजादेखि रंक, अनुशासितदेखि छाडा प्रवृत्तिका तथा विभिन्न जातजातिका त्यस

बेलाका मान्छेहरूले कथानकको तन्तु बनाएका छन् । बुद्ध दर्शन, बौद्धकालीन संस्कृति, त्यस बेलाका राज्य, राजा तथा बिहेसम्बन्धका स्थापित परम्परा, रुढदर्शन तथा बुद्धदर्शनबिचको संघर्ष, घातप्रतिघातजस्ता पक्षहरूले पाठकको ध्यानाकर्षण गरेका छन् । विश्वप्रसिद्ध बौद्धदर्शनलाई महाकाव्यमा स्थापित गर्नका लागि महाकविले अनेक कोणबाट प्रस्तुत गरेर अरू पात्रहरूलाई प्रकारान्तरले कालान्तरमा सहयोगी बनाएर त्यस धर्मलाई शक्तिशाली बनाउनु महाकाव्यको मूल सबलता हो भने महाकविले आफू अनुकूलका अनुभव, अनुभूति तथा ज्ञानहरू घुसाउनु, नायकककको जन्मदेखि अन्त्यसम्म सबै आनीबानी सकारात्मक देख्नु कथागत शिल्पका दुर्बल पक्षहरू हुन् । महाव्यलाई घटनाप्रधान नबनाउनु महाकाव्य संरचनाको कमजोर पक्ष हो । महाव्यको कलेवरमा कथानकलाई विकसित गर्नु, चौबीस चौबीस सर्गसम्म विन्यास गर्नु, महाकाव्य विरोधी जब्बर मतको समयमा महाकाव्य लेखिनु, पश्चिमा उत्तरआधुनिकतावादको चापप्रतिचापमा नेपाली मौलिक दर्शनको पुनर्स्थापन महाकाव्यको सफलता हो ।

## महाकाव्यको मुख्य पात्र/नायक

पात्र प्रयोगका दृष्टिले सम्यक् सम्बुद्ध महाकाव्यको नायक गौतम बुद्धले पूर्वपरम्परालाई नै अंगालेको छ । महाकाव्यका नायक गौतम बुद्ध उच्च, कुलीन वर्गका क्षेत्रीय वंशका शाक्य राजकुमार हुन् । उनले धीरोदात्त, गम्भीर तथा कठिन जीवनशैली अपनाएका छन् भने कसैले महाकाव्यको प्रारम्भमै कसैले बिचमै र कसैले अन्त्यतिर बुद्धको जीवनशैली, दर्शन र व्यवहारलाई अपनाएका छन् । देवदत्तले महाकाव्यभर विरोध जनाए पनि अर्कै मोड दिनसकेको छैनन् । महाकाव्यको विषय जटिल प्रकृतिको छ । यस महाकाव्यमा नायक बुद्ध र प्रतिनायक देवदत्त भएर आए पनि एकदम थोरैले देवदत्तको तथा अधिकांशले बुद्धको साथ दिएका छन् । महाकाव्यमा कारुणिक भाव प्रबल भएर आएको छ र यस भावमा अधिकांश पात्रहरू लागेका छन् । बुद्धले आफ्नो नवजात संतानलाई जन्मिनेवित्तिकै छोडेर गए पनि यशोधराको भावना र बुद्धको भावना समान छ । यशोधराले महाकाव्यको कतै पनि बुद्धको महापरिनिर्वाणको विरोध गरेकी छैनन्, बरु अन्त्यतिर आफै बुद्धको अनुयायी बनेकी छन् । महाकाव्यका चरित्रहरू बुद्धजत्तिकै क्रियाशील, प्रभावशाली र जीवन्त बन्न सकेका छैनन्

ऋषिवृन्द, विभिन्न कालका बुद्धहरू, शङ्कर, राजा, भिक्षुहरू, सारिपुत्र र मौद्गल्यायनहरू सूच्य पात्रका रूपमा कोही काव्यको मंगलाचरणमा, कोही बिचमा र कोही अन्त्यतिर देखिएका छन् । महाकाव्यमा, नन्द, कर्मचारीहरू, शुद्धोदन, बालकहरू, रोपाइँमा नाच्ने तथा गाउने मान्छेहरू, अजातशत्रुकी आमा र बाबु, सुसारे, गौतमीको मृत छोराहरु निग्रन्थनाथकी छोरी सुन्दरी पनि काव्यमा कतै न कतै चरित्रका रूपमा प्रस्तुत भएका छन् । यसै सिलसिलामा पटाचाराका ठूलो र सानो छोरो, दासी, सुजाता, पटाचारका श्रीमान, त्रपुस्स र भल्लुक, छन्दक, आलाप र कालामीहरू पनि महाकाव्यमा सूच्य पात्रका रूपमा आएका छन् । पुण्यवर्द्धन, विशाखा, प्रसेनजितका भानिज, सैन्य तथा सेविकाहरू, कल्याणी, पामिता, उपालि, सारिपुत्र, श्रावस्तीका पिता, अजातशत्रु, उपालि, सारिपुत्र, श्रावस्तीका पिता, सूत्राचार्य र शीलाचार्य, मातुल, बज्जीबासी सारिपुत्रकी आमा र कालुदायीहरूले काव्यमा भूमिका खेलेका छन् भने नापित, भृगु, किम्बिल, भद्दिय, अनिरुद्र, कोसल राजा र रानी मल्लिका, कुसीगरबासी, बाबु सुप्रबुद्ध, शाक्य, कोलिय, मन्त्री तथा सन्तहरू पनि महाकाव्यका सूच्य पात्रहरूका रूपमा आएका छन् । महाकाव्यमा प्रयोग भएका विभिन्न पात्रहरु र तिनको चरित्रलाई संक्षपमा चार्चा गरिएको छ ।

### सूच्य पात्र

सूच्य पात्र गजेन्द्रयुथले सिद्धार्थको साथ दिएका छन् (१७१) भने गोपालले एक छाक खाने परिधान लगाउने, बुद्धको सहयोगिनीमा चिनिने, मन, वचन र कर्म बुद्धमै समर्पण गरेकी छन् (१७८) नापित (नाउ) ले पनि बुद्धलाई साथ दिएको छ (१८०) भने सुदत्त र जेतले समर्पित गरेको जग्गामा सारिपुत्रले सल्लाह दिएका छन् (१८४) । विशिष्ट धनाढ्य अनाथ पिण्ड जेतवन किन्न स्वर्ग मुन्द्रिका सहयोग गरेका छन् (१८७) भने कोशलराज्यका राजा प्रसेनजित उनकी रानी मल्लिकालाई बुद्धले स्वागत गरेर, प्रेमलाई दुःखद हो भनेका छन् (१९१) ।

बुद्धले सुनीतलाई मान्छे नछुने कोही हुन्न भनेर चेतना जगाउने काम गरेका छन् (१९४) भने लिच्छवि कुमारले कूटागार बनाएर सद्धर्मको प्रचार गरेका छन् (२०३) । मृगार नामका श्रेष्ठीले श्रोतापन्न बनेका छन् (२१२) । सज्जनले कृशा गौतमीलाई बुद्धको सहायता लिन सुझाएका छन् (२१३) भने अङ्गुलीमालको जीवन वर्वाद गरेका छन् (२२०) । अजात शत्रुकी आमाले अहिंसाको, बाबुले उदारता, दैवज्ञले अजात शत्रुलाई पितृहन्ता (२४६) एक ब्राह्मणले धार्मिकता (२४८), रेखाविशेषज्ञले भविष्य सूचक (२५०), जनसामान्य बुद्धलाई देखेर हर्षित भएका छन् (२५०) । महाकाव्यको उदण्डले उदण्डको काम गरेको (२४०) पृष्ठभूमिमा निर्गन्थले उदकलाई साथ दिएर बुद्धको प्रतिरोधी आचरण देखाएको छ (२५५) । विम्बिसारका छोरा अभयले शिशुलाई बचाएर बुद्धको दर्शनलाई परिपालना गरी (२६२) घमण्ड प्रदर्शन गरेका छन् (२६६) भने शीचाचार्य र सूत्राचार्यले बुद्धलाई दुःख दिएका छन् (२७१) । गरीब सोपाकले जीव्न पाएको छ (२७९) भने सोपाकको आमाको ज्यादै दुःख खेपेकी छन् (२८१) । राज्य नै पात्रका रूपमा प्रस्तुत शाक्य र कोलिपले बुद्धबाट शान्ति पाएका (२८२), बज्जीका मन्त्रीले विमर्शकारी (२८६) सारिपुत्रकी भरा सन्त आभार (२९१) हरू काव्यमा अन्त्यतिर आएर बुद्धको समाएका छन् । कुशीनगरका पुक्कुसले त्रिरत्नको शरण लिएका छन् (३०५) भने सुभद्राले धर्मका कुरा जान्न चाहेका चाहेर महाकाव्यको अन्तिमतिर देखिएका छन् ( ३१०)

### सन्दर्भ पात्र

महाकाव्यमा आएका न्यायकर्ताले प्राण दिने पक्षको अधिकार बढी हुन्छ भनेर देवदत्त र सिद्धार्थको मुद्दामा सिद्धार्थलाई जिताएका छन् (५६) । कौडिण्यले महाकाव्यको सुरुमै सुद्धोदन राजालाई सिद्धार्थ संसारभर विस्तृत बुद्ध बन्छन् (६१) भन्दै सिद्धार्थ सत्य मात्रै बोल्ने छन् भनेर प्रतिकिया दिएका छन् भने जीवनको अन्त्यतिर आफै भिक्षु भएर विप्रहरूसहित सार्थक जीवन बिताउन लागेका (८१) छन् । उनी पनि यस महाकाव्यका प्रथम दीक्षित गतिशील पहिलो सङ्घबद्ध बनाउने विशेषताका चरित्र हुन् र उनी गतिशील पात्र हुन् । वैद्य जीवक पात्रले हाँसलाई औषधी गरेपछि अर्को पटक महाकाव्यमा नदेखिए पनि ऊ प्रत्यक्ष पात्रका रूपमा देखिएको छ । सारिपुत्र र मौद्गल्यायनले भिक्षुहरूलाई फिर्ता गरिदिएका छन् । निगर्न्धनाथले आफ्नी छोरी सुन्दरीले जेतवनमा घरीघरी जान लागेपछि मृत्युवरण गर्नुपरेको छ (२६१) काश्यपले त्रिरत्नको शरण लिँदै सङ्घ सहस्र सङ्ख्याभन्दा बढीको भएको छ ।

### सहयोगी पात्र

कालुदायीले सिद्धार्थ खोजेर शेद्धोदनलाई सघाएको छन् । नापित, आनन्द, भृगु, किम्बिल, भद्दिय र अनिरुद्रको भिक्षु बनेर सहयोग गरका छन् । कोशल राज्यका चर्चित राजा प्रसेनजित तथा रानी मल्लिका कम समय र कम तपमै सम्बोधी भएर प्रश्न

गर्दा बुद्धले प्रेम पनि दुःखको कारण बन्छ, वासनात्मक प्रेमले मनको पीडा मेट्दैन कामनाजन्य प्रेम सम्बन्ध र फैलावटबारे सुनाएर राजारानीको विचार बदलेका छन् । नन्दको जन्मले मात्र हैन (५७) भविष्यमा बाल्यकालीन परिपालक बनाएको छ । यशोधराको बाल्यकालीन नाम नन्दा रहेको छ (६०) भने यशोधरा सिद्धार्थ, देवदत्त तथा अन्य युवाहरूको खेल हेर्नलाई दर्शकहरूले सघाएका छन् । कोलीय राज्यका राजा सुप्रबुद्ध र रानी पामितालाई यशोधराका मातापिताका संघमा चिनाइएको मात्र छैन, पामिता सिद्धार्थको फुपू आमा थिइन (६१) । छन्दक सिद्धार्थका सारथि र साथी हुन् भने उनले दरबारको अन्तिम विदाइमा जंगलसम्म पुऱ्याउने काम गरेका छन् । उनी वियोगमा भावुक बनेका छन् (६२) । युवतीहरू अति सुन्दरीका रूपमा आएका छन्, सङ्गीतज्ञले आफ्नो भूमिका निभाएका छन् (७१) भने अधिकारीहरूले स्वार्थभन्दा अरू केही सोचेका छैनन् (७४) । दौँतरी र बन्धुबान्धव विद्वानहरूले दर्शनका बारेमा बेलाबेलामा छलफल बारेका छन् (७४) ।

महाकाव्यका वृद्ध (७९), मृत मान्छे र भोको गरीबले सिद्धार्थको चेतनास्तरलाई उकास्ने, आधारभूत, प्रश्न निर्माण गर्ने, आर्यसत्यको वीजाधान गर्ने गहिरो तर अप्रत्यक्ष रूपमा काम गरेका छन् र सिद्धार्थलाई बुद्ध बनाउने हेतु बनेका छन् । सन्यासीजस्तै लाग्ने सिकारीसँग सिद्धार्थले राजसी वस्त्र साटेसँगै तरबार र धनुर्वाण पनि साटासाट गरेका छन् । त्यस प्रकारको वस्त्रले सिद्धार्थको वनको बसाइँ सुरक्षित बनेको छ । महाकाव्यका आचार्यहरूले सिद्धार्थलाई नयाँनयाँ ध्यान गर्न सिकाएका छन् भने साधुहरूले साधनाव्युत्पति सिकाएका छन् (१०६) ।महाकाव्यको प्रारम्भतिरै देखिएका वृद्ध उद्दालकले वुद्धलाई सानो समयमा धैरै ध्यानका विधिहरू सिकाएका छन्, त्यहाँ अत्युच्च ध्यान सिकेका छन् भने बुद्धले आफ्नो ठाउँ लिऊन् भन्ने मनसाय बनाएका छन् । यसपछि पञ्चभद्र वर्गीय कौन्डिण्य, वप्प, भद्दीय, महानाम र अस्सजी ब्राह्मणले सिद्धार्थले जेजे गर्थे, त्योत्यो गर्न सकेका छैनन् भने बाखा गोठालो युवकले मर्नै लागेका सिद्धार्थलाई बचाउने काम गरेको छ (११५) ।

महाकाव्यमा एक्कासी देखिएका ब्राह्मणले निर्दोष, निष्पाप, ज्ञानवान् र आत्मसयंमी नै ब्राह्मण हुन् भन्ने जानकारी ( १३०) पाएपछि सर्पको रूप धारण गरेर आएको तरुण मानिसले इन्द्रियजित नै सहभावी र आनन्दी हुने जानकारी पाएको छ (१३१) । त्रिपुस्स र मल्लुकले बौद्ध धर्म, ग्रहण गरेका छन् (१३३) भने युवा यशले पनि वाराणसीको शेठको दायित्व पुरा गरेर सुख सुविधा त्यागेर सिद्धार्थलाई सहमति र साथ दिएको छ (१४८) । यहाँ कौण्डिण्यले उसलाई दीक्षा दिएका छन् (१४९) । यशका पिताका अनुसार कौण्डिण्य भिक्षु श्रेष्ठ हुन् भने श्रेष्ठी पनि बुद्ध धर्मावलम्बी बनेका छन् (१५०) । उरुवेल, नादी र गयलले शास्त्रका विद्वान र वेदज्ञको भूमिका निभाएका छन् (१५१) ।

बुद्धले केही राजा तथा राजपरिवारका सदस्यहरूलाई काषाय वस्त्र लगाउन लगाएका छन् (१५९) र तथागतसित सम्पर्क गरेका, मौदगल्यायन प्रभावित गराएका छन् (१६२), कालुदायीले शुद्धोदनको आज्ञा मानेर राजदरबारमा फर्काउन गएका पनि स्वयम् भिक्षु बनेका छन् (१६९) ।

**महिला पात्रहरू**

विम्बिसारकी रानी खेमा बुद्धप्रति पूर्वाग्रही छन्, रूपप्रति गर्व राख्ने खेमाले बुद्धलाई पङ्खा हम्कदै गरेकोले मृत्यु देखेपछि जीवनको सत्यता र अनित्यता बुझेपछि उनी परिवर्तशील बनेर अग्रश्राविका भएकी छन् (२१५) । महाकाव्यका कर्मचारीहरूले राजालाई साथ दिनेभन्दा अरू काम गरेका छैनन्। आनन्द र गौतमीपुत्र नन्द सहयोगी सहायक पात्रहरू हुन् भने । सुसारेले रेखदेखको चलन चलाएका छन् भने सिद्धार्थले बाल्यकालमै सहजासनमा बसेर तपसीको सङ्केत गरेका छन् (५३) । अजातशत्रुकी आमाले जेलमा परेका आफ्ना श्रीमान्लाई कपालमा लुकाएर खाना लगिदिने देहमा दलेर रोटा, घिउ र महपुऱ्याउने, अन्त्यमा अजातशत्रुलाई आफूले गर्भमै मार्न खोजे पनि सन्त श्रीमान्ले नदिएकाले तिमीलाई जन्माएर पाषाण दिलको अजात शत्रुलाई रूपान्तरित गर्ने काम गरेका छन् (२४७) ।

महाकाव्यकी अर्को नारी पात्र कृशा गौतमीले बुद्धका साथमा पुगेर छोरो बचाइदिन आग्रह गरेपछि बुद्धले गौतमीलाई नमरेको घरबाट एकमुठी तोरी ल्याउने सुझाएपछि गौतमीले कतै मान्छे नमरेको घर पाएकाले गौतमी सन्तुष्ट बनेर भिक्षुणी बनेर बुद्धलाई साथ दिएकी छन् (२०५) । मायादेवी, सेविका, आम्रपाली, गौतमी, युवती (६१), यशोधरा, पामिता, नर्तकी, कल्याणी, शाक्यनारी, विशाखा, पटाचाराहरू महाकाव्यका सन्दर्भमाआएका महिलापात्रहरूहुन् । यिनीहरूले सौन्दर्य प्रदायक कामभन्दा नायकलाई सघाउने सहयोगी महिला पात्रका रूपमा काम गरेका छन् । कल्याणी महाकाव्यमा सन्दर्भपात्र रूपमा आएकी, सुन्दरी गौतमीनन्दश्रीमतीहुन् (१९७) भने बुद्धले नन्दलाई विभिन्न प्रयोगात्मक शिक्षण गरेर नन्दको चित्तलाई परिवर्तन गरिदिएका छन् (१९९) ।

गौतमीले बुद्धलाई करुणा सागर खन्याएर असल माताको काम गरेकी छिन र अन्त्यतिर भिक्षुणी बनेर सद्धर्मको मार्गमा लागेकी छन् । गौतमी काव्यका चिन्तनशील र व्यावहारिक चरित्रका रूपमा देखिएका प्रत्यक्ष पात्रहरू हुन् । गौतमी काव्यका चिन्तनशील र व्यावहारिक चरित्रका रूपमा देखिएका प्रत्यक्ष पात्रहरू हुन् उपासक,२५० जना शिष्यसहित बुद्धका शरणमा पुगेका छन् । आफ्नो वैशिष्ट्यले स्मरणीय बनेकी विशाखा अर्को महिला पात्र हुन् । सत्कर्मी र ध्यानी, मौका मिल्दा देशना सुन्ने, भिक्षा दिँदा प्रसन्न हुने विशाखाको विवाह पुण्यवर्द्धनसित भएपछि उनले शिष्टता, माया, दया बाँडेर अति लोकप्रिय बनेकी छन् र ससुरा मृगारलाई सद्धर्मप्रति आकृष्टमात्र गरेकी छैनन्, सम्पूर्ण गहनाहरू विहारमै समर्पण गरेर विहार निर्माणमा योगदानका साथै आफैलाई पनि बेचेकी छन् रे (२१३) शील, श्रद्धा, समाधि पाएकाले बुद्धले उनलाई विश्वास गरेका थिए । विशाखाले भिक्षुणीबीचका विवाद मिलाउने सफल गृहिणी श्रद्धालु छन् ।

गौतमीले राज्यका युवतीलाई आमन्त्रित गर्ने क्रममा पामिता (६७) लाई सहयोग गरेकी छन् यशोधराले राहुलको जन्म र पोषण दिएकी मात्र छैनन्, गरीबको सेवा गर्ने काम गरेर सिद्धार्थको मानवतावादी चित्तलाई साथ दिएकी छन् । बुद्धत्व प्राप्तपछि बुद्धले यशोधरालाई आफै भेट्न गएर महत्त्व दिएका छन् । दासीले सुजातालाई वृक्षदेव भनेपछि सुजाताले खिर खान दिएकी छन् ।

राजा विम्बिसार समेत प्रभावित बनेर पहिलो विहार बनाउँन गएसँगै परिव्राजक शिष्यहरू बुद्धको शरणमा पुगेका छन्, कोही अग्रश्रावक बनेका छन् । अजातशत्रुका पिताले आफ्नी श्रमतीले अजातशत्रुलाई गर्भमै मार्न खोज्दा रोकेर असिँसावादी व्यवहार देखाएर प्रकारान्तरले बुद्धको सुदीर्घ तथा व्यावहारिक अभियानलाई सघाएका छन् । महाकाव्यमा यिनको अनेत्र कतै भूमिका देखिएको छैन ।

सैन्य तथा सेविकाहरू महाकाव्यको पहिलो सर्गमै देखिएका चरित्रहरू हुन् । मायादेवीले महाकाव्यका नायकलाई जन्माउने बाहेक खास काम केही गरेकी छैनन् भने गौतमीले सहोदर आमाजस्तै बालक सिद्धार्थलाई हेरचाह गर्ने काम गरेकी छिन् । उनले बालक सिद्धार्थलाई आमाको ममता पोखेर सिद्धार्थको चिन्तन विकास गराउन करुणा सागर बगाएर माया खन्याएकी छन् भने महाकाव्यको अन्त्यतिर बुद्ध धर्मावलम्बी बनेर भिक्षुणी भएर आफूलाई विकसित गरेकी छन् । गौतमी काव्यका चिन्तनशील र व्यावहारिक चरित्रका रूपमा देखिएकी प्रत्यक्ष पात्र हुन् । धाईहरूले सिद्धार्थको बाल्यकालको सेवा गरे पनि गौतमीको मनले नमानेर गौतमीले आफै देखभाल गरेकी छन् । अजात शत्रुकी आमाले उसलाई परिवर्तन गराएकी छ (१९७) । विशाखा विशिष्ट तथा अङ्गराज्यका धनञ्जय श्रेष्ठी छन् । भूमिकाका आधारबाट गौतमीले सिद्धार्थको यशोधरासँग बिहे गर्न सुझाएर आफूलाई सिर्जनशील बनाएकी छन् ।

**खलनायक पात्र**

सुन्दरी महिला नायकको विरोधी पात्र हो भने सुन्दरीका आफ्नै बाबु निर्गन्धनाथ जस्ता पात्रहरूले दुष्कर्म गरेर महाकाव्यमा कुगति थपेका छन् । देवदत्त महाकाव्यकै खलनायक हो । तण्हा, रति, राग, छुल्याहा र नर्तकीहरू महाकाव्यका सहखलनायकहरू हुन् । सिद्धार्थ र यशोधराको बिहे बिहेले देवदत्त रिसाएका छन् । महाकाव्यको प्रारम्भतिरै प्रतिस्पर्धी पात्र हुन् । देवदत्तले महाकाव्यको प्रारम्भमै वाण हानेर हाँसलाई मार्न खोज्दा बुद्धले हाँसको ज्यान बचाएर देवदत्तसँग दुश्मनी कमाएर महाकाव्यभर खलनायकको चरित्र देखाएको छ । उसले आफूलाई भिन्न मार्ग नलगाएर विकासशील प्रवृत्ति देखाएको छ । देवदत्त आफ्नो कुकृत्यको पछुताउमा परेर पनि अजातशत्रुलाई साथमा लिएर उक्साएर मगधका राजा बिम्बिसारको राज्यसत्ता खोसेर बाबुलाई कैदमा कोचेर, मनोवैज्ञानिक यातना दिलाएर भेटघाट बन्द गरेर, खाना खान नदिएर, नाउ पठाएर छाला चिर्न लगाएर निर्मम यातना दिन लगाउने कुख्यात पात्र हो । यिनै घटनाहरू महाकाव्यमा विभत्स रूपमा आएका छन् ।

महाकाव्यका नर्तकीहरूले नामपदबाहेक अन्य कुनै भूमिका देखिएका छैनन् र यिनीहरूले किशोर अवस्थाका सिद्धार्थलाई मोजमजा तथा रसपानतिर हौस्याउने गलत दिशा देखाएका छन् । उमेरका सिँढी उक्लिदै गरेकी ज्यादै सुन्दरी पटाचाराले सेठपुत्रसँग विहे गरे पनि उसले घरकै सेवकसँग लुकेर प्रेम गर्दा पनि नपुगेर अर्को गाउँमा नकारात्मक भूमिका खेलेकी छ । लुकेर माइतीघर जाँदा बाटोमै परेको वनमा प्रसव भएपछि लोग्ने दाउरा खोज्न गएका बेला आफूले बच्चा जन्माएकी भए पनि भूमिकाका आधारमा ऊ नकारात्मक पात्र हो । निर्गन्धले बुद्धलाई सुन्दरीको हत्याको आरोप लगाएको छ । शुद्धोदनले सिद्धार्थलाई दरबार बाहिर जान नदिने वातवरण बनाएको भए पनि पछिल्लो समयमा बुद्धलाई सघाएका छन् । अङ्गुलीमालले मान्छे मारेर सहस्र अङ्गुली बटुल्न लागेर निर्दोष मानिसहरू मारिन लागेका छन् । अङ्गुलीमाल तक्षशीलाको प्रतिभाशाली अग्रणी विद्यार्थी भए पनि दुष्चरित्रको पर्याय बनाइए पनि परिवर्तित भएर बुद्धको शरणमा पुगेको छ । आम्रपालीले बुद्धलाई भोजको निमन्त्रणा दिँदा अधिकांशले विरोध गर्न खोजेर बुद्धको समानताको अभियानलाई असहयोग गरेका छन् । अतिवादी धर्महरू बुद्धको बेलाका मूल विपक्षी धर्महरू बनेका छन् भने यिनै धर्मको विपक्षमा हिनयानी धर्म देखिएको छ ।

**सहायक पात्रहरू**

सारिपुत्र र मौद्गल्याय प्रतिभा सम्पन्न भएकाले अग्र श्रावक पद लिएर पञ्चशीलका बारेमा व्याख्यान दिएका छन् । सारिपुत्र र मौद्गल्याय प्रतिभा सम्पन्न भएकाले अग्र श्रावक बनेका छन् । नन्द, राहुल र केही भिक्षुहरू कपिलवस्तु फर्किएर बुद्धले शुद्धोदनलाई जिन्दगीलाई दुःखको घर हो भन्दै जरा, जन्म र व्याधि अनित्य छन् भनेका छन् भने उनले धर्मको इतिहासमा नयाँ अर्को क्रान्ति ल्याएका छन् । सारिपुत्रले बुद्धको उत्तरार्द्ध समयतिर भिक्षु आनन्दलाई सहयोगी बनाउन प्रस्ताव गरेर सहयोगी पात्रका रूपमा देखिएका छन् । बिम्बिसार बुद्धबाट प्रभावित भएर पहिलो विहार बनाउँन सघाएका छन् । छन्दकले सिद्धार्थलाई जराजीर्ण मानिसले बाँच्नु चाहदा पनि मृत्युको सामना गर्नुपर्ने यथार्थ सुनाएर महााव्यको लक्ष्यलाई देखाएको छ । शवयात्रा, भोको र वृद्धले बुद्धलाई झन् कारुणिक बनाएर सन्यस्त जीवन बनाएको छन ।

यशोधराले मानवको प्रेम नै सर्वोत्कृष्ट प्रेम हो भनेपछि सिद्धार्थ जागृत, ध्यानकेन्द्रित र कठोर सङ्कल्पी भई पृथ्वीकै महामानव, साधनसिद्ध, ज्ञानगम्भीर र लोकमुक्तिदाता बनेका छन् । आलार कालामसित चित्तका बारेमा प्रश्न गरेपछि आचार्यले समस्त सृष्टिको स्रोत आकाश हो भनेका छन् । अपदार्थताको खोजमा लागेका सिद्धार्थले मगधका राजा बिम्बिसारसँग जीवन र रूप सौन्दर्यलाई क्षणभङ्गुर हुन् भनेका छन् । उद्दाकले सिद्धार्थलाई अत्युच्च्य ध्यान सिकाएका छन् ।

**प्रतिध्रुवी पात्रहरु**

देवदत्तले धनुर्विधा र खड्गको प्रतिस्पर्धामा भाग लिएका छन् भने यशोधराले सिद्धार्थलाई पुरस्कार स्वरूप सेतो हात्ती दिँदा रिसले देवदत्तले हात्तीको कोमलांगमा हानेपछि सिद्धार्थले देवदत्तको कामलाई कुकृत्य र बदनामी बनेका भनेका छन् (६२) भने भिक्षु आनन्दसँगै देवदत्त पनि भिक्षु बनेर सद्धर्ममा लागे पनि महाकाव्यको अन्त्यसम्म खलनायकको भूमिका निभाएका छन् । देवदत्त ईर्ष्यालु, अहंकारी, विचित्रकारी भए पनि उनका बाबु सुप्रबुद्ध थिए भने परिश्रमी भए पनि भिक्षुका रूपमा जान सकेका छैन, आवेकले विवेकशून्य बनेको देवदत्तले बुद्धको ठाउँमा स्थापित हुन खोजेर बुद्धलाई वृद्ध भएकाले भिक्षु संघको नेतृत्व छाड्नुपर्ने भन्दै अजातशत्रुलाई साथमा लिएर बुद्धको खुट्टामा हतियार फालेको छ र गृद्धकूटमा रहेको बेला टुप्पोबाट ढुंगा खसाएपछि बुद्धको खुट्टामा चोट लागेर मलमलि रगत आएको छ । यसपछि पनि देवदत्तले बुद्धसित (१) भिक्षा मागेर मात्र भोजन गर्नुपर्ने सार चिथरा वस्त्रमात्र लगाउनुपर्ने (३) सम्पूर्ण भिक्षुहरू शाकाहारी हुनपर्ने (५) सम्पूर्ण जीवन वनमा विताउनुपर्ने भागहरू बुद्धले अव्यावहारिक माग भोकोमा निष्ठावान् भिक्षुले पनि समर्थन गरेका छन् (२४१) भने पनि फुटेको संघको नेता बनेको छ ।

जनसमूहको गुनासो छ, गयाशीर्षमा आश्रमवस्थल बनाएका नर्तकीहरू थपिएको, तालहरू र पेयहरू बढाइए पनि सिद्धार्थद्वारा आन्तरिक रूपमा असन्तुष्टि व्यक्त गरिएको छ । सिद्धार्थ र यशोधराको भावना एकै रहेको पृष्ठभूमिमा विचार, दर्शन, ज्ञान, जनजीवनको क्षेत्र बढ्दै आए पनि थोरै बोल्ने धेरै सुन्ने काम भएको छ । गाउँमै जराजीर्ण मानिसले बाँच्न चाहेको निष्कर्षबाट सबै मानछे मरेमर जाने कुरा, गरीब रोगीको दृश्यले चिन्तित हुने अनि मरेको मान्छेलाई चितामाथि चढाएर आगो लगाएको दृश्यले सिद्धार्थलाई आफ्नै जीवन पनि यही क्रममा जाने कुराको बोध हुन्छ । छोरोलाई बन्धनका रूपमा परिभाषित गर्दै

कन्थक घोडा र छन्दक सारथी लिएर दरबार छाडेर दूरजंगलतिर लागेका छन् ।

**सहनायक पात्र**

भिक्षु सारिपुत्र र आनन्द महाकाव्यका सहनायकहरु हुन् । बुद्धको साथ दिने सकारात्मक पात्र हुन् । आनन्दको सद्धर्ममा बुद्धपछि पहिलो स्थान छ । उनले बुद्धलाई कपिलवस्तुतिर पर्किदा नन्द, आनन्द र राहुलसाथै लिएर बुद्धलाई साथ दिएका छन् भने उनले देवदत्तले बुद्धलाई मार्न लाग्दा हात्ती र बुद्धका बीचमा उभिएर बचाएका छन् । उनी बुद्धप्रति जीवन अर्पण गर्न सधैँ तत्पर पात्र हुन् (२४०) । बुद्धका अनुसार उनी आनन्दमा अग्रणी, विशिष्ट, संस्कारी परिवारका, ख्यात, विद्‌वान्, बहुश्रुत, अद्‌भुत, स्मृतिशक्तिका, व्यावहारिक, निश्चयी र स्थिर छन् (२५३) । आनन्दले आफू बुद्धको भाइ भएको आक्षेप लाग्न सक्ने भन्दा सारिपुत्रले सम्झाएका छन् (२५४) भने आनन्दले बुद्धको चीवर र बुद्धलाई भोजन बनाएको भोजन नखाने, कुटीभित्र सँगै नबस्ने, बुद्ध निमन्त्रित भएका ठाउँमा आफू नजाने तर आफूले निम्ता पाए बुद्ध जानुपर्ने, आफू अनुपस्थित भएको बुद्ध शिसाको सार पुनः आफूलाई सुनाउनुपर्ने सर्तहरू राख्दा बुद्धले सबै सर्तहरूलाई स्वीकार गरेका छन् । आनन्दकै सहयोगमा बुद्धले गौतमीलाई भिक्षुणी बनाएका छन् भने आनन्दकै योगदानबाट नारी भिक्षुणी संघ बन्ने अवसर मिलेको छ । आनन्दले जेतवनमा बोधिवृक्षको वीज रोपेको वृक्ष बढेपछि आनन्द बोधिवृक्षको नामले चलेको छ । एकाएक अर्हन्त बनेका आनन्द एकसय वर्ष बाँचेर समाहत छन् ।

सारिपुत्रले दबुद्धको ५५ वर्षदेखि वृद्धता बढ्न लागेपछि आनन्दलाई बुद्धको सहयोगी बन्न स्वीकार गर्नुअघि बुद्धले प्राप्त चीवर नलिने, बुद्धभोजन नखाने, कुटीभित्र नबस्ने, उनी निमन्त्रित भोजनमा नजाने, आफूले निम्ता पाए बुद्ध जानुपर्ने जस्ता मागहरू राखेपछि बुद्धले उपालिसित कुरा गर्दा पाप मनबाट नै जन्मिन्छ भनेका छन् र निर्गन्थले सहायता पाउने आशा गरेका छन् भने सुन्दरी बुद्धको कुटीपछि गाडिएकी छन् । बुद्धले प्रसेनजित र भानिज अजातशत्रुको युद्ध र बज्जीसँगको युद्ध पनि रोकिदिएका छन् । उनले बज्जीमा एकता, आनादार, अनाशक्ति, सात्विक जीवन, करुणा, आलस्यका बारेमा गहिरो ज्ञान दिएका छन् । यसरी उनले विनय, सुश्रुत प्रज्ञाको प्रवचन दिँदै नालन्दा, पाटलीग्राम, कोटिकामा र वैसाली जहाँ जाँदा पनि आफ्नो देहका वेदना कसैलाई सुनाएका छैनन् भने सङ्घलाई अविभाज्य हो भनेका छन् ।

**महाकाव्यका नायक बुद्ध**

विम्बिसारका अनुसार बुद्ध विनयी, जिज्ञासु, नवसन्यासी, भूपति बिर्सेका, सद्धर्म अन्वेषक र सूर्यजस्तै मुख भएका पात्र हुन् । चलाख सृष्टिप्राप्ति उन्नत चिन्तनशील, दरबार त्यागी तथा वनगुफा चाहने चरित्र हुन् । तपोध्यान, कुम्भक, प्रणायममा बुद्धले जीवनको प्रयोग गरेका छन् । विद्वविच्छरोमणि काश्यपले बुद्धलाई ज्ञानसिन्धु (१५५) भनेका छन् । गौतमीले सिद्धार्थले ज्ञानको ज्योति समस्त चम्काऊन् भनेकी छन् । तपसीको रूप धारण गरेका असीतकालदेवलले नवजात सिद्धार्थको पाउ हेरेर विलक्षण चिह्नहरू देखेर शिशु बुद्ध बन्नेर राजकाजमा बाँधिने छैनन् भनेका छन् (४६) । विप्रहरूले सर्वार्थ सिद्ध भएकाले सिद्धार्थको नामकरण मात्र गरेका छैनन्, संसार वन्द्य बुद्ध बन्ने सूचना दिएका छन् (४७) । यसरी महाकाव्यमा देखिएका विप्रहरूले कतै ब्राह्मण भएर वेदका अधिकारी बनेका छन् भने केही कालान्तरमा बौद्ध भिक्षु बनेका छन् । विप्रहरू महाकाव्यका परम्परित धारणाका पात्रहरू हुन् ।

प्रस्तुत महाकाव्यका आधारभूत चरित्रका रूपमा आएका बुद्धको न्वारानको नाम सिद्धार्थ र बोधिसत्व प्राप्तिपछि बुद्ध बनेका महाव्यका नायकका गौतम शास्ता, तपोधन र अनागतजस्ता नामहरू पनि महाकाव्यमा थपिएका छन् । नरम, शिष्ट, शान्त, शालीन, प्रफुल्ल, व्यावहारिक स्वभावका बुद्धले पैंत्तालीस वर्षको उमेरमा बोधिसत्व पाएको पैंत्तीस वर्षसम्म अविच्छिन्न बुद्ध दर्शनको व्यवहार, पालना र शिक्षा दिएका छन् । जन्म, जरा, व्याधि र मृत्यु नै बुद्धका खास चिन्ताहरू हुन् । बुद्ध अनागत मतका पक्षपाती हुन् (७७) भने बुद्धले जीवनभर मानवका लागि ज्ञानप्राप्तिको सङ्कल्प लिँदै जीवनलाई दुःखको घर हो (८५) भनेका छन् । हृदयको ध्वनि सुन्ने बुद्धले पानीलाई सृष्टिको मूल कारण हो भन्ने वैज्ञानिक धारणा निर्माण गरेका छन् (१०३) भने चित्तशुद्धि बुद्धको प्रमुख सूत्र बनेको छ । ध्यान, समाधि, सङ्कल्प, प्रयोग र तप बुद्धका पर्यायहरू हुन् । मानवता बुद्धको जीवनपर्यन्तको लगानी हो । महाकाव्यभर विभिन्न पात्र, परिवेश तथा विचारधाराहुँदै बुद्ध वन्द्य छन् । बुद्धले वासनात्मक प्रेम दुःखको शरण बन्छ भनेर, सुनीतालाई मान्छे अछूत हुँदैन भनेर, नन्दको रूपप्रेमलाई सिकाएर, हरसमय चित्त निरोधण गराएर सद्धर्म सिकाएका छन् । बुद्धले सिगाललाई पूजाविधि र दिशा सिकाएका छन् ।

बुद्ध महाकाव्यका प्रमुख नायक हुन् । यिनले महाकाव्यलाई हिँडाएका छन् । बुद्धले विम्बिसारलाई जीवन र रूप सौन्दर्यलाई क्षणभङ्गुर हुन् भनेका छन् भने र उद्दालकलाई सबभन्दा सानो सङ्घ स्थापना र विकास गर्न लगाएका छन् । यसरी नै उनले घाइत हाँसको उद्धार गरेर आफूलाई बाल्यकालदेखिनै अहिँसावादी बनाएर आम्रपालीलगायत धेरै पात्रहरूलाई सकारात्मक दिशातिर लगाएका छन् । उनले हीनधर्मको अनुशरण गरे आर्यसत्य अपनाए दुःखमा पर्नु नपर्ने, दुःख सुखको कारण हुने, अष्टाङ्ग मार्ग मुक्तिको साधन भएको, दुःखले ईर्ष्या, द्वेष, मोह दिन्छ भनेका छन् । उनले सचेततासाथ बाँच्न सिकाउँदै विलासी जिन्दगीबाट वाक्कदिक्क भएको यशलाई आफ्नो शरणमा ल्याएर भिक्षु सङ्घ बनाउँदै महाकाव्यभर अगाडि बढेका छन् ।

गौतमीले सिद्धार्थ बाललीलामा रमाउँदै रहेको समयमा उनको नाम गौतम राखिदिएकी छन् । तीक्ष्ण बुद्धिका अन्तर्मुखी गौतम सानै उमेरदेखि नै ध्यानमग्न अवस्थामा देखिने, स्मृति, श्रुति, अध्ययन, धर्म, दर्शन, आस्तिकता र नास्तिकता रुचि बढाए आफूलाई प्रयोगशील कुशल र श्रेष्ठ बनाउन लागेका छन् । उनले सानै उमेदेखि ज्ञानीजनलाई भेट्ने तथाज नजीवनसित साक्षात्कार गरेका छन् । बुद्धले राजा, रङ्क र मन्त्री, रानी, सन्तान, महिला, दलित सबैलार्य प्रभवित गरेका छन् । बुद्ध विकासशील चरित्रका (११५), अतिवाद विरोधी, लगातार छ वर्ष देह दण्डक तपमा बसेर मरेर बाँचेपछिका बोधिसत्व हुन् । कठोर सङ्कल्पकर्ता (१२१), रुढता विरोधी (१२३), भौतिकवादी (१२३), कर्मवादी (१२३) भए पनि बुद्धले सपना र पुनर्जन्मको सहायता लिएर सीमा देखाएका छन् । आर्यसत्य, अष्टाङ्ग मार्ग तथा पञ्चशीलजस्ता सिद्धान्तहरू बुद्धले पूर्वपरम्पराको गहिरो अनुभवबाट साभार गरेका छन् भने बोधिसत्वपछि पनि अगाडिसम्म उच्च शिक्षा थाल्दै सत्यप्रतिको दृष्टिकोण प्रस्तुत गर्नुले बुद्ध पूर्वबुद्धका विरासतबाट उठेका चरित्र हुन् भन्ने निष्कर्ष निस्कन्छ । बुद्धका सिद्धान्तहरू आज पनि समसामयिक बनेका छन् । बुद्धले तपले भन्दा सद्धर्म तथा धर्म सङ्घको ज्ञानले मानवमुक्तिका अवस्था ल्याउँछन् भनेका छन् ।

बुद्धका युगप्रभाव, तेजस्वीता, अदुष्टपूर्ण आभा अहिले पनि आवश्यक छन् भने समुत्पाद (कार्य) र समुत्पाद्य (कारण) बुद्धको मूल विचार हो । बुद्धले धर्मको विश्वइतिहासमा सङ्घबद्ध धर्म (१४६) बनाएर युवाहरूलाई निश्चित जिन्दगी दिएका छन् (१४९) । सरल जीवन शैलीका बुद्धले जीवनको अन्त्यतिर सूकरको मासु खाएर विवादास्पद शैलीमात्र बनाएका छैनन्, सर्प रूपको मानवानुभूतिमा पनि संदेह बनाएका छन् । जललाई सृष्टि प्रधान मान्ने बुद्धले जीवनभर खुला प्राकृतिक अङ्ग बनाएर वन, गुफा, कुटी, पीपल, साललाई आश्रय स्थल रोजेका छन् । बुद्धले यज्ञको विरोध यज्ञमा नगएर गरेका छन् । सद्यः त्रिरत्नको नाम पनि कमाएका बुद्धले अहिंसा (१६४), राजनीति (६६), प्रेम, रूप, करुणाका बारेमा बेलाबेलामा प्रवचन दिएर आफूलाई करुणासिन्धु पनि बनाएका छन् । सद्धर्मको मार्ग बताइरहने र सबैलाई दुःखमुक्त गराउने जीवन उद्देश्यका बुद्धले पञ्चशीललाई जीवन निर्देशक सिद्धान्त र शुद्धीकरणको रूपमा लिएका छन् ।

वैशालीको चपला चैत्यमा बसेको बेला बुद्धले महापरिनिर्वाणको पूर्वसङ्केत पाएर कूटागारमा भेला बोलाएर आफ्ना शिक्षालाई नबिर्सन, लोकमङ्गल कार्यमा लाग्न, कार्यकारण सम्बन्ध जान्न, परिश्रम गर्न, सचेत बन्न, पावन हुन उपदेश दिएर भट्टीग्राम, अम्बग्राम, जम्बुग्राम, भोगनगर, पावा, कुशिनगरा, कुकत्थ नदी घुमेको बेला चुन्दबाट अन्तिम भोजन लिएका छन् । बुद्धले आनन्दलाई आफूले महापरिनिर्वाण प्राप्त गर्न लागेको कुरा कुशिनगरवासीलाई सुनाउन भनेपछि सबै जनता आएको विशिष्ट क्षणमा सुभुद्रलाई दर्शन दिएका छन् । लोभलाग्दो जिन्दगीका बुद्धले वृद्ध, मृत र सन्त देखेपछि पत्नी, पुत्र र पिता त्यागेर कन्दमूल खाँदै लक्ष्यमा केन्द्रित भएर ध्यानको साधना सिकेर वस्तुको निरीक्षण परीक्षण गरेर विज्ञान पुग्न नसकेको ठाउँमा पुऱ्याउँदै मानव जातिलाई जाति र लिङ्गभेद विरोधी भावनाको अन्त्यगर्न, प्रजातन्त्रको बीउ रोप्न, संविधान दिने, विवेकशील बनाउने काम गरेका छन् ।

## निष्कर्ष

महाकाव्य मूलतः पूर्वीय काव्यलक्षणाअनुसार लेखिएको भए पनि कथानकले उठाउनुपर्ने कुतुहलता, कार्यकारण शृंखला तथा प्रभावकारितामा सबलता देखिदैन । चरित्रमूलकताले कथानक विकासमा बाधा पारेको छ । चरित्रले कथावस्तुलाई उनेको छ । यस आधारमा महाकाव्यमा धेरै अनावश्यक चरित्रको प्रयोगले महाकाव्यको आस्वादनमा बाधा गरेको छ भने प्रभावकारी महाकाव्य रचनाका लागि सबल, सक्षम र आकर्षक कथानक संयोजनका साथ थोरै र जीवनदायी, व्यावहारिक तथा सक्षम तर अनावश्यक पात्रहरूको व्यवस्थाले महाकाव्यको प्रयोजनपरकता सिद्ध हुनसक्छ । चरित्र चित्रणका दृष्टिले काव्यनायक बुद्धको चित्रण तुलनात्मक रूपमा सबभन्दा बढी छ भने खलनायक देवदत्तलगायत अरू खलनायकको भूमिका एकदम कमजोर छ । यस प्रकारका प्राप्ति र सीमाबीच पनि काव्यले नेपाली महाकाव्य लेखन परम्परालाई गति भने दिएर नेपाली साहित्यलाई समृद्ध बनाउने काम गरेको छ ।

**Declarations**

**Ethics Approval and Consent to Participate**

I declare that this research/review was conducted ethically.

## सन्दर्भसामग्री सूची

आचार्य, कृष्णप्रसाद (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,* क्षितिज प्रकाशन ।

कँडेल, घनश्याम (२०७८), *सम्यक् सम्बुद्ध महाकाव्य,* ऐरावती प्रकाशन प्रा.लि. ।

गौतम, दीपक (२०७८), *आधुनिक नेपाली महाकाव्य,* स्वयम् प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०६०), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

ज्ञवाली, रामप्रसाद (२०६८), *महाकाव्य सिद्धान्त र नेपाली प्रयोग,* ऐरावती प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३२) दोस्रो भाग, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (दोस्रो संस्क.), साझा प्रकाशन ।

पौडेल, कृष्ण विलास (२०६४), *साहित्यशास्त्र र नेपाली समालोचना,* नवीन प्रकाशन ।